सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २३८ ♦ २०८३ साल वैशाख २२ मंगलवार ♦ 5 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जनमत पार्टीले मधेस प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता





**खबर दर्पण समाचारदाता**

**वैशाख २१ गते, बर्दिवास**

जनमत पार्टीले मधेस प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। समर्थन फिर्ता सम्बन्धी पत्र प्रदेश प्रमुखको कार्यालयमा पुगेको हो।

प्रदेश प्रमुख कार्यालयका सचिव नारायण प्रसाद दाहालका अनुसार पार्टीका प्रमुख सचेतक चन्दनकुमार सिंहको हस्ताक्षर सहितको पत्र प्राप्त भएको हो। पत्र ढिलो गरी प्राप्त भएकाले औपचारिक विज्ञप्ति भने पछि सार्वजनिक गरिने उनले बताए। मधेस प्रदेशसभामा जनमत पार्टीका १२ जना सदस्य छन्। हाल सो पार्टी अर्थ मन्त्रालय सहित दुई मन्त्रालय लिएर सरकारमा सहभागी रहेको छ। पार्टीबाट महेश यादव अर्थमन्त्री र बसन्त कुशवाहा खेलकुद तथा समाज कल्याण मन्त्रीको जिम्मेवारीमा छन्।

प्रमुख सचेतक चन्दन सिंहले समर्थन फिर्ता लिएको पुष्टि गरेका छन्। तर संसदीय दलका नेता तथा अर्थमन्त्री महेश यादवले भने यस विषयमा आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिएका छन्।

केही सातादेखि समर्थन फिर्ताको चर्चा चलिरहेका बेला मुख्यमन्त्री कृष्णप्रसाद यादवले भने सरकार परिवर्तन नहुने दाबी गर्दै आएका थिए।

यसअघि जनमत पार्टीले आफ्नो नेतृत्वको सरकार ढालेको थियो। जेनजी आन्दोलनको क्रममा फेसबुकमा पार्टीको निर्देशन अनुसार राजीनामाको घोषणा गरेका तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहले पछि राजीनामा नदिएपछि जनमतले आफ्नै नेतृत्वको सरकार ढालेर कांग्रेस को नेतृत्वको सरकारमा सहभागी भएको थियो।

यसैबीच, नेपाली कांग्रेस बाहेकका दलबीच नयाँ सरकार गठनबारे प्रारम्भिक सहमति भएको स्रोतले जनाएको छ।

## गठबन्धन दलहरुबीच कुनै मतभिन्नता छैन : मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**

**वैशाख २१ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले गठबन्धन दलहरुबीच कुनै मतभिन्नता नभएको बताउनुभएको छ ।

उहाँले पत्रकारहरूसँग जनकपुर धाममा कुरा गर्दै सरकारले आफ्नो गतिमा काम अगाडी बढाइरहेको बताउँदै अहिलेको सरकार स्थायी प्रकृतिको भएको दाबी गर्नुभयो ।

उहाँले सरकारको नेतृत्वमा आफू रहेकाले विमतिको कुरा आफूले नसुनेको बताउनुभयो । मुख्यमन्त्री यादवले बाहिर कस्ले के बोल्छ त्यो व्यक्तिगत विषय भएको बताउँदै सरकारमा रहेका गठबन्धन दल तथा मन्त्रीका बीचमा कुनै प्रकारको मतभेद नभएको बताउनुभयो । नेपाली काँग्रेस मधेश प्रदेशका सभापति समेत रहनुभएका मुख्यमन्त्री यादवले नेपाली काँग्रेसभित्र कुनै प्रकारको विमति नभएको र केन्द्रीय सभापति गगन थापासँग गतिका साथ सरकार सञ्चालन गर्ने विषयमा छलफल भएको बताउनुभयो ।

एक अर्को प्रश्नको जवाफमा मुख्यमन्त्री यादवले अहिले बजेट कार्यान्वयनको अन्तिम र महत्वपूर्ण चरण रहेको एवं नयाँ बजेटको निर्माण गर्ने समय भएकाले कसैले सरकार परिवर्तनको खेलमा लागेको भए त्यो प्रदेश तथा सङ्घीयताका का लागि दुर्भाग्य हुने बताउनुभयो ।

यता मधेश प्रदेशमा पुन: राजनीतिक समीकरण फेरबदलको तयारी तीव्र बनेको छ । यसै साता सरकार परिवर्तन हुने संकेत देखिएसँगै नयाँ सत्ता समीकरण बनाउन दलहरू सक्रिय भएका छन् । नेपाली कांग्रेसलाई बाहिर राखेर सरकार गठन गर्ने गणित मिलाइएको उच्च स्रोतको दाबी छ । स्रोतका अनुसार नेकपा एमालेको सरकारमा पुनरागमन हुने लगभग निश्चित भए पनि सरकारको नेतृत्व भने अन्य दलले गर्ने सहमति भइसकेको छ ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# आँखा स्वास्थ्यबारे जनचेतना अभिवृद्धिका लागि दृष्टि दूत परिचालन

**खबर दर्पण समाचारदाता**
**वैशाख २१ गते, ढल्केवर**

धनुषाको ढल्केबरस्थित रेयुकाई एईको मसुनागा आँखा अस्पतालले आँखा रोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले ३० जना दृष्टि दूत परिचालन गरेको छ ।




समुदायस्तरमा पुगेर आँखा स्वास्थ्यबारे जानकारी फैलाउने लक्ष्यसहित जेन-जी समूहका युवालाई दृष्टि दूतका रूपमा परिचालन गरिएको अस्पतालका महासचिव हीरामणि शर्माले बताउनुभयो ।

उहाँका अनुसार यस क्षेत्रमा आँखा रोगका बिरामीको सङ्ख्या अधिक भए पनि पर्याप्त चेतनाको अभावका कारण धेरैजसो बिरामी समयमै उपचार बाट वञ्चित छन् ।

महासचिव शर्माले यस्तो कार्यक्रमले ग्रामीण तथा सहरी क्षेत्रमा आँखासम्बन्धी समस्याको पहिचान गर्न सहयोग पुग्ने र बिरामीलाई समयमै उपचार सेवामा जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

यो अवधारण नेपालमा पहिलो पटक भएको बताउँदै उहाँले युवाको सक्रियताले समुदायमा स्वास्थ्यप्रति सकारात्मक परि वर्तन आउने उहाँले जानकारी दिनुभयो ।

परिचालन गरिएका दृष्टि दूतले ढल्केबरलगायत वरपरका गाउँमा पुगेर आँखा रोगका लक्षण, रोकथामका उपाय, नियमित परीक्षणको आवश्यकता तथा उपलब्ध उपचार सेवाबारे स्थानीयलाई जानकारी गराउने काम गरेको महासचिव शर्माले बताउनुभयो । स्थानीय महेन्द्र र विनायक माध्यमिक विद्यालय कक्षा ११ का विद्यार्थीलाई दृष्टि दूतको रूपमा परिचालन गरिएको उहाँले जानकारी दिनुभयो ।

मासुनागा आँखा अस्पताल ढल्केबरका नेत्ररोग विशेषज्ञ डा. उमेश यादवले दृष्टि दूत परि चालन गर्नु अघि उहाँहरूलाई आँखाका रोगसम्बन्धी आधारभूत ज्ञान, प्राथमिक पहिचान, परामर्श दिने तरिका तथा समुदायसँग प्रभावकारी सम्वाद गर्नेबारे तालिम प्रदान गरिएको बताउनुभयो ।

उहाँका अनुसार तालिम प्रदानपछि उहाँहरूलाई सो जिम्मेवारी दिइएको र नियमित अनुगमन पनि गरिने छ । अस्पतालले आगामी दिनमा यो कार्यक्रमलाई अझ विस्तार गर्दै अन्य क्षेत्रसम्म पनि दृष्टि दूत परिचालन गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

# चुरे संरक्षणका लागि मेचीमहाकाली जनजागरण अभियान

**खबर दर्पण समाचारदाता**
**वैशाख २१ गते, ढल्केबर**

चुरे तथा वनजङ्गल सङरक्षण अभियान नेपालले आगामी जेठ १ गतेदेखि मेचीमहाकाली जनजागरण एवं हस्ताक्षर अभियान यात्रा सुरु गर्ने घोषणा गरेको छ ।

चुरे र प्राकृतिक स्रोतको रक्षाका लागि निरन्तर सङघर्ष गर्दै आएको यस अभियानले चुरे क्षेत्रको विनाश रोक्न र राज्यलाई दवाब दिन देशव्यापी अभियान सञ्चालन गर्न लागेको बताइएको छ ।

अभियानका अध्यक्ष सुनिल यादवले चुरे क्षेत्रमा भइरहेको अवैध उत्खनन, क्रसर उद्योगको मनपरी र वन विनाशले गर्दा तराई मधेशको भूमि मरुभूमीकरण हुने खतरा बढेकाले यो कदम चालिएको बताउनुभयो ।

अभियानको मुख्य माग र एजेन्डा चुरे क्षेत्रमा भइरहेको अवैध गिट्टीबालुवा उत्खनन र क्रसर उद्योगको नियन्त्रण । अतिक्रमित नदीनालाको सङक्षण । प्रदुषण नियन्त्रण, वनजङगलको फँडानी र जडीबुटीको अवैध दोहनमा रोक लगाउनु रहेको उहाँको भनाइ छ ।

अध्यक्ष यादवले 'प्रकृति जोगाऔं, भविष्य बचाऔं' भन्ने मूल नार का साथ सुरु हुने यस यात्राले तराई, पहाड र हिमालबीचको वातावरणीय सन्तुलन कायम राख्न राष्ट्रिय एकताको आह्वान गर्नुभयो ।

उहाँले यस पदयात्रामा सहभागी हुन तराई मधेशका युवा, विद्यार्थी, जेन्जी पुस्ता, राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज र सञ्चारकर्मीलाई अपील गर्नुभयो ।

यसअघि पनि यस अभियानले सप्तरीदेखि काठमाडौँसम्म पैदल यात्रा र माइतीघर मण्डलामा महिनौँसम्म धर्ना दिने जस्ता कार्यक्रम सम्पन्न गरिसकेको छ ।

# जनकपुरधाममा पाँच तारे होटलको निर्माण सुरु

**खबर दर्पण समाचारदाता**
**वैशाख २१ गते, ढल्केबर**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको पाँचतारे होटल निर्माण प्रक्रिया औपचारिक रूपमा आजदेखि सुरु भएको छ ।

करिब २ अर्बको लागतमा निर्माण हुने सो पाँच तारे होटलमा १२४ कोठा क्षमताको आधुनिक होटल निर्माणका लागि आज भूमि पूजन सम्पन्न गरि एको हो । मिथिला हस्पिटालिटी प्रालिद्वारा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ मुजेलियामा निर्माण हुन लागेको सो होटलको सञ्चालन तीन वर्षमा गर्ने लक्ष्य लिइएको छ ।

मिथिला हस्पिटालिटीका अध्यक्ष रामेश्वर साहले होटल निर्माणको काम अब तीव्र गतिमा अघि बढाइने जानकारी दिँदै जनकपुर धामको पर्यटन पूर्वाधार विस्तार मा यस परियोजनाले नयाँ आयाम थप्ने विश्वास व्यक्त गर्नुभयो ।

भूमि पूजन कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले परियोजनाको निर्माणले मधेश प्रदेशको पर्यटन प्रवर्द्धनमा ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गर्दै यसले रोजगारी सृजना हुने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता एवं धनुषा निर्वाचन क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य मनिष झाले जनकपुरधाममा पहिलो पटक पाँचतारे होटल बन्नु सकारात्मक भएको बताउँदै लगानीको वातावरण सुरक्षित गर्ने दायित्व सबैको भएको बताउनुभयो ।

जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोज कुमार साहले उपमहानगर पालिकाले पूर्वाधार विकास, सडक सञ्जाल विस्तार तथा लगानीमैत्री वातावरण निर्माणमा प्राथमिकता दिएको बताउनुभयो ।



एनआरएनका संस्थापक अध्यक्ष एवं उद्योगपति उपेन्द्र महतोले जनकपुरधामको सांस्कृतिक र धार्मिक महत्वको विषयमा विश्वसामु अझै उजागर हुन जरुरी रहेको बताउँदै होटलको निर्माणले गुणस्तरीय पर्यटनको विकासमा मद्दत पुग्ने बताउनुभयो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कम्युनिस्ट मुक्त भयो भारत, पश्चिम बंगालमा पहिलोपटक फक्रियो कमल

भारतका विभिन्न पाँच राज्यमा भएको चुनावको मतगणना सोमबार भएको छ। योपटक चुनाव भएकामध्ये सबैभन्दा ठूलो राज्य हो, पश्चिम बंगाल, जहाँ विगत १५ वर्षदेखि तृणमुल कांग्रेस (टीएमसी) की ममता बनर्जी मुख्यमन्त्री थिइन्।

सन् २०११ मा २५ वर्षदेखिको कम्युनिस्ट सत्तालाई पछारेकी ममतालाई योपकट भाजपाले पाखा लगाइदिएको छ। चुनाव सम्पन्न भएसँगै भारतीय सञ्चार माध्यमहरूमा आएका इक्जिट पोलहरूमा भाजपाले जित्ने अनुमान गरिएको थियो। त्यसपछि झडपहरू हुन सक्ने भन्दै पश्चिम बंगालमा सुरक्षा व्यवस्था निकै कडा पारिएको थियो।

योपटक बंगालसँगै असम, तामिलनाडु, केरलम र पुडुचोरीमा चुनाव भए पनि सबैभन्दा धेरै चर्चामा पश्चिम बंगाल थियो। किनकि यो राज्य चुनाव भएकामध्ये सबैभन्दा ठूलो मात्र होइन, भाजपाले पूरा बल लगाएको राज्य थियो। प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसमेतले बंगालको चुनावमा निकै सक्रियता देखाएका थिए। ममता बनर्जी नै भाजपाको केन्द्र सरकारकी सबैभन्दा कट्टर विपक्षी मानिन्थिइन्। त्यसैले पनि यहाँ टीएमसी र भाजपाबीचको प्रतिस्पर्धाले सबैको ध्यान खिचेको थियो।

सोमबार बिहान मतगणना सुरु भएसँगै प्रारम्भिक रुझानमा भाजपाले अग्रता बनाउन सुरु गरेको थियो। भाजपाले २९३ सदस्यीय विधानसभामा १९९ सिट जित्ने देखिएको छ। पश्चिम बंगालमा भारतीय इतिहासमा भाजपाले पहिलोपटक चुनाव जितेको हो। लामो समय कांग्रेस आई, त्यसपछि झाकपा र पछि टीएमसीको सत्ता रहेको यहाँ भाजपाको चुनाव चिह्न कमल पहिलोपटक फक्रिएको छ। भाजपाबाट शुभेन्दु अधिकारी मुख्यमन्त्रीका दावेदार मानिएका छन्। उनी कुनै बेला टीएमसीका प्रमुख नेतामध्ये एक थिए। सन् २०२१ को चुनावको ठीकअघि उनी भाजपा प्रवेश गरेका थिए।

यो १५ वर्षमा टीएमसीले पहिलोपटक हार व्यहोर्दा पार्टी प्रमुख तथा हालकी मुख्यमन्त्री ममता नै चुनावमा पराजित भएकी छिन्। टीमएसी मात्र ८८ सिटमा खुम्चिने देखिएको छ। यसअघि खातासमेत नखोलेको भारतीय कम्युनिस्ट पार्टी (भाकपा) ले २ सिट जित्ने देखिएको छ भने कांग्रेस आईले पनि २ सिट जित्ने देखिएको छ।

### कम्युनिस्ट मुक्त भारत

भारतमा कम्युनिस्ट पार्टीहरू विस्तारै खिइँदै जाँदा दक्षिण भारतीय राज्य केरलममा भने उसको पकड बलियो मानिन्थ्यो। तर, योपटकको चुनावले कम्युनिस्ट मुक्त भारत बनाइदिएको छ। केरलममा भाकपाका पिनराई विजयन मुख्यमन्त्री थिए। कम्युनिस्ट पार्टीको अगुवाइमा रहेको एलडीएफ गठबन्धन कांग्रेस आईको अगुवाइमा रहेको यूडीएफ गठबन्धनसँग पराजित भएको छ। १४० सिट रहेको केरलममा यूडीएफले ९८ सिट जित्ने देखिएको छ भने एलडीएफ ३५ सिटमा खुम्चिँदै छ। भाजपाको प्रभाव न्यून रहेको यो राज्यमा भाजपाको गठबन्धन तीन सिट जित्दै छ। पाँचवटा राज्यमध्ये कांग्रेस आईका लागि यो राज्यको चुनाव मात्र खुसीको बनेको छ।

### तामिलनाडुमा फिल्म अभिनेता विजयको सुनामी

योपटक चुनाव भएकामध्ये चर्चामा रहेको अर्को दक्षिण भारतीय राज्य तामिलनाडु हो। यो राज्यमा यसअघि पनि फिल्म स्टारको प्रभाव रहने गरेको थियो। एमजीआर र जयललिता यसको उदारहण हुन्। योपटक पार्टी स्थापना गरेको मात्र २ वर्षमा टलिउड फिल्म स्टार थलापति विजय (जोसेफ विजय) को सुनामी आएको छ। उनको पार्टी टीभीकेले २३४ सदस्यीय विधानसभामा १०९ सिट जित्ने देखिएको छ। बहुमतका लागि थलापतिको पार्टीलाई मात्र ७ सिट अपुग भएको छ। यहाँ हाल कांग्रेस आईसमेत रहेको डीएमके पार्टीको सरकार थियो। तर, यो चुनावमा मुख्यमन्त्री एमके स्टालिनसमेत पराजित भएका छन्। डीएमकेले ७२ सिट जित्ने देखिएको छ।


यस्तै भाजपासमेत रहेको एआईडीएमकेले ५३ सिट जित्ने देखिएको छ। यो पूर्वमुख्यमन्त्री जयललिताको पार्टी हो। अब तामिलनाडुमा थलापति विजय कुनै पार्टीको सहयोगमा मुख्यमन्त्री बन्न सक्छन्।



### असम र पुडुचोरीमा भाजपा निरन्तरता

चुनाव भएका पाँचवटामध्ये दुई राज्यमा यसअघि भाजपाको सरकार थियो। यो चुनावले पश्चिम बंगालसहित तीन राज्यमा उसको सरकार हुने निश्चित भएको छ। असममा भाजपाले सुनामी ल्याएको छ। मुख्यमन्त्री हेमन्त विस्वा सर्मा फेरि मुख्यमन्त्री बन्ने भएका छन्। १२६ सदस्यीय विधानसभामा भाजपाले १०१ सिट जित्ने देखिएको छ। यहाँ कांग्रेसका वरिष्ठ नेता गौरव गोगोई नै पराजित भएका छन्

यस्तै ३० सदस्यीय विधानसभा रहेको पुडुचोरीमा पनि भाजपाले स्पष्ट बहुमत ल्याएको छ।-एजेन्सीको सहयोगमा


मटिहानी नगरपालिका,
महोत्तरी



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं। यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ। तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ। त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं। खेतीयोग्य जमिन बाँझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन। यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

गौशाला नगरपालिका,
महोत्तरी



## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।



–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# औरही-फुलवरियामा भर्ना अभियानबीच बालबालिकाको मार्मिक यथार्थ उजागर



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**वैशाख २१ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-२,फुलवरिया गाउँमा सञ्चालन गरिएको विद्यालय भर्ना अभियानका क्रममा खबर दर्पणकर्मीले क्यामरामा कैद भएको एक दृश्यले ग्रामीण यथार्थलाई मार्मिक रूपमा उजागर गरेको छ।

स्थानीय एक घरको आँगनमा एक बालक भात खाइरहेको देखिन्छ भने अर्को बालक शिक्षकले भर्ना अभियानबारे गरिरहेको आग्रह ध्यानपूर्वक सुनिरहेको थियो।

उक्त क्रममा शिक्षकले अभिभावकबारे सोधपुछ गर्दा बालकहरूले "अभिभावक काम गर्न गएका छन्" भन्ने जवाफ दिएका थिए। यस संवादले परिवारको आर्थिक बाध्यता र बालबालिकाको शिक्षामा पहुँचबीच रहेको खाडललाई प्रस्ट रूपमा देखाउँछ।

विद्यालय भर्ना अभियान सञ्चालन भइरहे पनि यस्ता समुदायमा अपेक्षित प्रभावकारिता देखिन सकेको छैन। फलस्वरूप, धेरै बालबालिका अझै विद्यालय बाहिरै रहने अवस्था विद्यमान छ।

स्थानीय तहमा गरिबी, जनचेतनाको अभाव तथा प्रभावकारी समन्वयको कमीका कारण समस्या झन् जटिल बन्दै गएको सरोकारवालाहरूको भनाइ छ। यस्तो परिस्थितिमा सम्बन्धित निकायले लक्षित कार्यक्रममार्फत वास्तविक लाभग्राहीसम्म पुग्ने प्रभावकारी पहल गर्नु आवश्यक देखिन्छ।


**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**मिथिला नगरपालिका, धनुषा**


# सीमा भन्सार कर नीति हटाउन माग गर्दै विरोध प्रदर्शन

**खबर दर्पण समाचारदाता**
**वैशाख २१ गते, जनकपुरधाम**

नेपाल-भारत सीमा भन्सार रु १०० रुपैया भन्दा माथिको सामानमा कर लगाउने नीति हटाउन माग गर्दै काठमाडौंमा विरोध प्रदर्शन गरिएको छ।

राष्ट्रिय एकता दलले सीमानमा रु १०० को मापदण्ड हटाउन माग गर्दै सोमबार काठमाडौंको माइतिघरमा विरोध प्रदर्शन गरेको हो।

नेपाल-भारत सीमा क्षेत्रमा भन्सारमा कडाई गर्दा सीमा वरि परि बस्ने नेपाली नागरिकले सास्ती भोग्नु परेको र दैनिक जिवनयापनमा समेत समस्या परेको उनीहरुको गुनासो छ। प्रदर्शनमा सहभागीहरुले सीमामा १०० को नियम हटाऊ, गरीबको हक अधिकार बचाउ, मानव अधिकारको रक्षा गर, सीमानाका किसानलाई मल देउ लगाएतका प्लेकार्ड प्रदर्शन गरेका थिए।

राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादवले सीमा क्षेत्रमा र हेका बासिन्दाले दैनिक उपभोग्य बस्तुमा कर लगाएर अन्याय गरेको भन्दै तत्काल रु १०० को मापदण्ड खारेज गर्न माग गर्नुभयो।

साथै उनीहरुले देशका बिभिन्न स्थानमा डोजर आतंक मच्चाइएको भन्दै विरोध जनाएका छन्।


आधुनिक तथा अर्गानिक (जैविक) कृषि आजको समयमा अत्यन्त महत्वपूर्ण विषय हो। यसले किसानको आय वृद्धि, वातावरण संरक्षण र उपभोक्ताको स्वास्थ्य सुधारमा ठूलो भुमिका खेल्छ। आधुनिक कृषि भनेको नयाँ प्रविधि, वैज्ञानिक विधि र यन्त्रहरुको प्रयोग गरेर उत्पादन बढाउने कृषि प्रणाली हो।

मुख्य विशेषताहरु :

- आधुनिक मेसिन (टयाक्टर, थ्रेसर आदि) को प्रयोग
- सिंचाइ प्रणाली (डिप, स्प्रिकलर)
- कृषि एप र मौसम जानकारीको उपयोग

फाइदाहरु :

- उत्पादनमा वृद्धि
- समय र श्रम बचत
- व्यावसायिक खेतीको विकास
- अर्गानिक कृषि भनेको रासायनिक मल र विषादीको प्रयोग

मुख्य विशेषताहरु :

- गोबर मल, कम्पोष्ट, हरियो मल प्रयोग
- जैविक कीटनाशक (नीम, झोलमल आदि)
- प्राकृतिक चक्रको संरक्षण

फाइदाहरु :

- स्वस्थ र सुरक्षित खाद्यान्न
- माटोको उर्वराशक्ति वृद्धि
- वातावरण संरक्षण

आधुनिक र अर्गानिक कृषि दुवैको सन्तुलित प्रयोगले दिगो कृषि विकास सम्भव हुन्छ। किसानले वातावरणमैत्री प्रविधि अपनाएर उत्पादन र स्वास्थ्य दुबै सुरक्षित गर्न सक्छन्।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा, जनकपुरधाम
मधेश प्रदेश



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,